# नेपाल अटोमोवाईल्स संघको विधान
## पहिलो संशोधन - २०८०
## Statute of Nepal Automobiles' Association
## First Ammendment - 2023

### प्रस्तावना :

नेपाल राष्ट्रभित्र मोटरस्पोर्टस, मोटरसाईक्लिङ स्पोर्टस, पावरबोटिङ र कार्टसका रेसीङ, र्‍याली, टुरीङ तथा ई-स्पोर्टस लगाएतका सम्पूर्ण अटोमोवाइल्स सम्वन्धि इभेन्टहरु तथा सम्पूर्ण खेलको विकास, विस्तार तथा व्यवस्थापन गर्न, अटोमाबाईल, मोबिलिटी तथा टुरिजम र रोडसेफ्टिको क्षेत्रमा सक्रिय रहँदै सम्बन्धित विषयमा कार्य गर्न, अन्तराष्ट्रिय स्तरमा नेपालको सहभागिता बृद्धि गरि अटोमोवाइल्स स्पोर्टस, शाहसीक खेलकुद, अटोमोवाइल, मोवीलीटी तथा टुरीजमको विकासमार्फत राष्ट्को प्रतिष्ठा अभिबृद्धि गर्न एवं अटोमोबाईल तथा मोटरस्पोर्टस्संग सम्बन्धित खेल, खेलाडी, व्यवसायी, प्राविधिक तथा अफिसियलको समेत पेशागत र क्षमता विकासका लागि यसै क्षेत्रमा अभिरुचि राख्ने सवैलाई संगठित गर्न वाञ्छनिय भएकोले खेलकुद बिकास ऐन २०७७ अनुसार नेपाल अटोमाबाईल्स संघ (Nepal Automobiles' Association) को स्थापना गरिएको छ ।

### परिच्छेद - १
### (संक्षिप्त नाम र प्रारम्भ)

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यस विधानको नाम नेपाल अटोमाबाईल्स संघ (Nepal Automobiles' Association) को विधान २०८० लाई जनाउनेछ । छोटकरीमा यसलाई नासा नेपाल ( NASA Nepal) भनीनेछ ।

२) यो विधान राष्ट्रिय खेलकुद परिषदले स्वीकृति प्रदान गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :

क) 'संघ' भन्नाले विधानको दफा ३ बमोजिम स्थापना गरिएको नेपाल अटोमाबाईल्स संघलाई जनाउने छ । साथै धारा ८ र ९ वमोजीम गठन गरीएको संघलाई समेत जनाउनेछ ।

ख) 'विधान' भन्नाले नेपाल अटोमाबाईल्स संघको विधान २०८० लाई जनाउनेछ ।

ग) 'साधारण सभा' नेपाल अटोमावाईल्स संघ' संघको सर्वोच्च निकायको रुपमा दफा १० बमोजिम स्थापित साधारण सभालाई जनाउने छ । सो शब्दले प्रदेश, जिल्ला र पालिका संघको साधारणसभालाई समेत जनाउँछ ।

घ) 'कार्यसमिति' भन्नाले केन्द्रिय, प्रदेश वा जिल्ला र पालिका समेतको कार्यसमिति सम्झनु पर्दछ ।

ङ) 'कमिसन' भन्नाले मार्शल, अफिसियल, एथलेट लगायतका विभिन्न विषयगत कमिसन र कार्यदललाई बुझाउनेछ ।

च) 'प्रदेश संघ' भन्नाले प्रदेश कानून बमोजिम गठन भएको धारा ५ गठन भएको खेल संघलाई जनाउनेछ ।

छ) 'जिल्ला खेल संघ' भन्नाले प्रदेश कानून वमोजिम गठन भएको धारा ६ वमोजीमको खेल संघलाई जनाउनेछ

ज) 'परिषद' भन्नाले खेलकुद विकास ऐन, २०७६ वमोजिम स्थापित राष्ट्रिय खेलकुद परिषदलाई जनाउनेछ । साथै प्रदेश कानुन वमोजीम गठन भएको प्रदेश खेलकुद परिषदलाई समेत जनाउनेछ ।

झ) 'नेपाल ओलम्पिक कमिटि' भन्नाले अन्तर्राष्ट्रिय ओलम्पिकबाट मान्यता प्राप्त ऐनको दफा ३७ बमोजिमको मान्यता दिएको नेपाल ओलम्पिक कमिटीलाई जनाउनेछ ।

ञ) 'अध्यक्ष' भन्नाले नेपाल अटोमोवाईल्स संघको अध्यक्षलाई सम्झनु पर्दछ ।

ट) 'उपाध्यक्ष' भन्नाले नेपाल अटोमोवाईल्स संघको उपाध्यक्षहरुलाई सम्झनु पर्दछ । साथै सो शब्दले वरीष्ट उपाध्यक्षलाई समेत जनाउने छ ।

Scanned with CamScanner

ठ) 'महासचिव' भन्नाले नेपाल अटोमोबाईल्स संघको महासचिवलाई सम्झनु पर्दछ ।

ड) 'सचिव' भन्नाले नेपाल अटोमोबाईल्स संघको सचिवहरुलाई सम्झनु पर्दछ ।

ढ) 'कोषाध्यक्ष' भन्नाले नेपाल अटोमोबाईल्स संघको कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

ण) 'सह-कोषाध्यक्ष' भन्नाले नेपाल अटोमोबाईल्स संघको सह-कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

त) 'सदस्य' भन्नाले नेपाल अटोमोबाईल्स संघको सदस्यलाई सम्झनु पर्दछ । पछि सो शब्दले प्रदेश संघकाको अध्यक्ष, उपाध्यक्ष, महासचिव, सहसचिव र कोषाध्यक्ष समेतलाई जनाउनेछ ।

थ) 'साधारण सदस्य' भन्नाले नेपाल अटोमोबाईल्स संघको विधानको १७ बमोजीम साधारण सदस्यता प्राप्त गरेको व्यक्तिलाई सम्झनु पर्दछ ।

द) 'चन्दादाता' भन्नाले नेपाल अटोमोबाईल्स संघको विकास विस्तारका लागि आर्थिक तथा भौतिक सहयोग पुऱ्याएको भनि यस संघले मान्यता प्रदान गरेको व्यक्ति वा संघ संस्था वा प्रतिस्ठानलाई जनाउने छ ।

ध) 'तोकिए वा तोकिए बमोजिम' भन्नाले यस विधान अर्न्तगत बनेको नियम, विनियम वां केन्द्रिय कार्यसमितिले तोकिए बमोजिमलाई सम्झनु पर्दछ ।

ब) 'क्लब' भन्नाले यस संघ संग आवद्धता रहेको मोटरस्पोर्टस, मोटरसाईक्लिङ स्पोर्टस, कार्टस, ई-स्पोर्टस, रेसिङ, ऱ्याली तथा टुरिङ लगायतका अटोमोबाईलस र सेफर मोबीलिटी सम्बन्धि क्लबलाई जनाउने छ ।

भ) 'सल्लाहाकार' भन्नाले संघको प्रमुख सल्लाकार र सल्लाहाकार समेतलाई बुझाउने छ जुन सबै तहको कार्यसमीतिले आवश्यकता अनुसार गठन गर्न सकिनेछ ।

## परिच्छेद - २
## (संघको स्थापना र उद्देश्य)

### ३. संघको स्थापना :

१) अन्तर्राष्ट्रिय मोटरस्पोर्टस, मोटरसाईक्लिङ स्पोर्टस, कार्टस तथा अटोमोवाइल, मोबीलिटी तथा टुरीजम र सेफर मोबीलिटी सम्वन्धि महासंघहरुको विधान, नियमावली एवं दिग्दर्शन, प्रचलित नेपाल कानून र राष्ट्रिय खेलकुद परिषदको नीति निर्देशनको अधिनमा रही माथी उल्लेखीत क्षेत्रको विकास र विस्तार गर्न राष्ट्रिय खेलकुद परिषदमा दर्ता गरि नेपाल राष्ट्रमा राष्ट्रिय स्तरको नेपाल अटोमाबाईल्स एसोसीएसनको स्थापना गरिएको छ ।

२) नेपाल अटोमावाईल्स एसोसीएसनको कार्यसमितिमा देहाय बमोजिम वढीमा २५ सदस्यहरु रहनेछन् ।

| | | |
|---|---|---|
| क) | अध्यक्ष | १ जना |
| ख) | बरिष्ठ उपाध्यक्ष | १ जना |
| ग) | उपाध्यक्ष | ४ जना |
| घ) | महासचिव | १ जना |
| ङ) | सचिव | ५ जना |
| च) | कोषाध्यक्ष | १ जना |
| छ) | सह-कोषाध्यक्ष | १ जना |
| ज) | सदस्यहरु | १० जना |

३) उपदफा (२) वमोजिम गठन हुने नेपाल अटोमावाईल्स एसोसीएसनको केन्द्रिय कार्यसमितिको अध्यक्ष- १, वरिष्ठ उपाध्यक्ष-१, महासचिव-१, सचिव-२, कोषाध्यक्ष-१ र ५ जना सदस्यहरु साधारण सभाद्धारा निर्वाचित गरिनेछ ।

४) नेपाल अटोमावाईल्स एसोसीएसनको दफा (३) को उपदफा (३) बमोजिम निर्वाचित भै वाँकी रहेका पदाधिकारी तथा सदस्यहरुमा उपाध्यक्ष-२, सचिवहरु-३, सह-कोषाध्यक्ष-१ तथा सदस्यहरु-३ जना कार्यसमिति बैठकले मनोनित गर्नेछ । साथै सदस्यहरु-२ जना राष्ट्रिय खेलकुद परिषदले मनोनित गर्नेछ ।

Scanned with CamScanner

५) संघको केन्द्रिय कार्यसमितिको पदाधिकारी वा सदस्यहरुमा ३३ प्रतिशत महिला अनिवार्य हुनुपर्नेछ । उपदफा ३ बमोजिम महिला पदाधिकारी वा सदस्य निर्वाचित भै आउन नसकेमा उपदफा (४) बमोजिम मनोनित गर्दा ३३ प्रतिशत महिलालाई मनोनयन गर्नु अनिवार्य हुनेछ ।

६) अन्तर्राष्ट्रिय, एशियाली वा दक्षिण एशियाली महासंघको सदस्य भएको नेपाली नागरिक नेपाल अटोमाबाईल्स एसोसीएसनको पदेन केन्द्रिय सदस्य हुनेछ ।

७) नेपाल अटोमाबाईल्स एसोसीएसनमा मार्शल, भोलीनटियर्स, प्रशिक्षक र एथलेट्सहरु समेतको टेक्निकल समिति गठन गरिनेछ । सो समितिले संघको नीति निर्देशनमा कार्य गर्नेछ ।

८) नेपाल अटोमाबाईल्स एसोसीएसनको स्थापना गर्दा परिषदको खेलकुद विकास ऐन २०७७ को दफा २२ र २३ बमोजिम स्थापना भएको हुनु पर्दछ । मोटरस्पोर्टस नेपाल र विश्वकै सन्दर्भमा आम खेल नभै विशेष, शाहसीक र चुनौतीपुर्ण खेल भएको हुदा विशेष खेलको रुपमा सिधै प्रदेश संघ गठन गर्ने सकीनेछ भने केन्द्रिय संघको लागी कम्तिमा ४ वटा प्रदेश संघको गठन हुनु अनिवार्य हुनेछ ।

९) प्रदेश स्तर तथा सम्भव भएका जिल्ला स्तरमा संघको स्थापना गर्दा केन्द्रिय कार्यसमितिको स्वीकृतिमा गठन गरिनेछ ।

१०) नेपाल अटोमाबाईल्स एसोसीएसनका निर्वाचित तथा मनोनित सदस्यहरुको पदावधि ४ वर्षको हुनेछ । मनोनित सदस्यहरुको पदावधीको गणना निर्वाचित सदस्यहरु वहाल भएकै मिति देखि शुरु भएको मानिनेछ ।

## ४. नेपाल अटोमाबाईल्स एसोसीएसनको उद्देश्य :

१) प्रचलित ऐन कानून र राष्ट्रिय खेलकुद परिषदको नीति निर्देशनमा रही सम्वन्धित निकायहरु संग समन्वय राखी काम गर्ने गरि यस संस्थाको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क) मोटरस्पोर्टस, मोटरसाईक्लिङ स्पोर्टस, कार्टस र इ-स्पोर्टस खेलप्रति सर्वसधारणको रुची अभिवृद्धि गर्ने ।

ख) पावरबोटीङ र इस्टीमर लगाएतका मोटर र इन्जिनबाट सञ्चालन हुने सम्पूर्ण खेलकुदको विकास गर्ने । विभिन्न प्रतियोगीता, तालीम तथा इभेन्टको आयोजना गर्ने गराउने ।

ग) मोटरस्पोर्टस, मोटरसाईक्लिङ स्पोर्टस, मोटरवोट, जेटस्की र इस्टीमर, कार्टस, खेलको समग्र विस्तार र समुचित विकासको लागी राष्ट्रिय अन्तराष्ट्रिय रुपमा सकृय रहने ।

घ) मोटरस्पोर्टस, मोटरसाईक्लिङ स्पोर्टस, कार्टस, खेलको स्तर वृद्धि गर्न नियमित प्रशिक्षणहरु संचालन गर्ने गराउने ।

ङ) मोटरस्पोर्टस, मोटरसाईक्लिङ खेलका विभिन्न स्तर र तहका प्रतियोगिता संचालन गर्ने गराउने ।

च) ई-स्पोर्टस, रेसिङ, र्‍याली तथा टुरिङ लगायतका विभिन्न इभेन्टहरुको आयोजना गर्न

छ) मोटर, मोटरसाईकल, कार्टस तथा अटो स्पोर्टससंग सम्बन्धित खेलाडी, प्राविधिक तथा अफिसीयलहरुको हकहित तथा वृत्ति विकासको लागी कार्य गर्ने ।

ज) मोटर स्पोर्टससंग सम्बन्धीत सबै खेल माध्यमद्वारा आन्तरीक र वाह्य पर्यटकीय प्रवर्द्धनमा सक्रिय रहने ।

झ) नेपाललाई विश्वकै साहासिक र सबै किसीमका मोटरस्पोर्टस तथा टुरिङ खेलको केन्द्रको रुपमा विकास गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगीता गर्ने र खेलाडी, प्रशिक्षक तथा पदधिकारीको सहभागिता गराउने ।

ञ) अटोमोवाइल, स्पोर्टस, वातावरण तथा महिला सशक्तिकरणको क्षेत्रमा अध्ययन अनुशन्धान गर्ने ।

ट) मोटरिङ खेलको लागि आवश्यक भौतिक पूर्वाधार र प्राविधिक जनशक्तिको विकास, विस्तार गर्न सबै तहको सरकारी निकाय तथा साझेदारहरु संग सहकार्य गर्ने ।

ठ) मोटरिङ खेलको माध्यमद्वारा राष्ट्रको आर्थिक सामाजिक विकास गरि राष्ट्रको इज्जत, प्रतिष्ठा अन्तर्राष्ट्रिय स्तरमा वृद्धि गर्ने गराउने ।

ड) शाहासिक खेलसँग सम्वन्धीत संघ संस्था एकिकृत गरी सामूहिक रुपमा खेल पर्यटन प्रवर्द्धनमा जोडदिने ।

ढ) अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम साहसिक तथा मोटरिङ खेलको प्रशिक्षण तालिम, गोष्टी, सेमीनार प्रतियोगिता संचालन गरी गराई अन्तर्राष्ट्रिय स्तरको खेलाडी तथा प्रशिक्षक उत्पादन गर्ने गराउने ।

Scanned with CamScanner

ण) नेपाललाई मोटरिङ खेलको लागि एसियाली केन्द्रको रुपमा स्थापित गर्ने ।

त) सडक, यतायात र अटोमोवाइल, शाहासिक खेलकूद र मोविलिटि सम्वन्धि संघसंस्था, क्लव, तथा कर्पोरेटलाई आवद्धता गर्ने ।

थ). प्रकृती, वातावरण तथा पर्यटन क्षेत्रका संघ, संस्था तथा निकाय संग सहकार्य गर्दै खेलकुद पर्यटन, प्रकृती र वातावरणको विचमा संयोजन गर्ने ।

द) एसोसिएसनको लागी बुलेटिन, पुस्तक, पत्रिका, वेइभसाइट, अनलाइन र सोसीएल मिडिया प्रकासन/संचालन गर्ने गराउने।

ध) एसोसिएसन्लाई आत्मनिर्भर गराउन आर्थिक सहयोग तथा अन्य सहयोगका लागी राष्ट्रिय, अन्तराष्ट्रिय साझेदार तथा कार्यक्रमको बन्दोबस्त गर्ने गराउने ।

न) सडक सुरक्षा तथा सामाजिक उत्तरदायित्वका कार्य गर्दै, सुरक्षित सडक र सवारीका लागि अभियान चलाउने ।

प) अटोमोवाइल क्षेत्रको व्यवसायिक तथा पेशागत सुधार र समृद्धिमार्फत आर्थिक र सामाजिक रुपन्तरणमा योगदान दिने।

फ) ड्रोन, रोबोटिक, रोप-वे, पोड-वे लगायतका इनोभेटिभ अटोमोवाइल, स्पोर्टस् र मोविलिटिका क्षेत्रमा कार्य गर्ने, अनुसन्धान र प्रशिक्षणहरु संचालन गर्ने गराउने ।

व) अटोमोवाइल, साहसिक खेलकुद तथा मोविलिटी र ड्राइभ टुरीजम र टु ह्वील सम्वन्धि क्लबहरुलाई आवद्धता गर्ने ।

भ) ड्राइभ टुरिजम, आन्तरिक तथा वाह्य पर्यटन प्रर्वद्धन गर्दे, मोविलिटी सम्वन्धि विभिन्न क्रियाकलाप संचालन गर्ने ।

म) सडक सुरक्षाका अध्ययन अनुसन्धान लगायात अन्य सामाजिक उत्तरदायीत्वका कार्यहरु गर्ने ।

य) संघको उद्देश्य प्राप्तिका लागी सरकारी, गैर सरकारी र अन्तर्राष्ट्रिय निकाय र पेशागत संघसंस्थासंग सहकार्य गर्ने ।

र) सवारी प्रदुषण नियन्त्रण, वैकल्पिक इन्धन सम्बन्धी, ग्रीन र क्लिन स्पोर्टस् तथा मोविलिटिका कार्य गर्ने ।

ल) प्रशिक्षण केन्द्र सन्चालन, सदस्यहरुलाई ड्राईभिङ तालीम दिने, ड्राइभर्स तथा राइडर्सहरुलाइ लाईसेन्स वितरण गर्ने ।

व) फरक क्षमता र अपांगता भएका व्यक्तिहरुको लागि समेत सहभागीता सुनिश्चिताको प्रयत्न गर्ने ।

स). राष्ट्रिय खेलकुद विकास ऐन ०७७ र राष्ट्रिय खेलकुद नियमावलीको कार्यान्वयन र पालनामा प्रतिवद्ध रहने ।

## ५. संघ संगठित संस्था हुने :

१) संघ अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

२) संघका सवै कामकारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप र लेटरहेड हुनेछ ।

३) संघले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, वेचविखन र अन्य व्यवस्था गर्न सक्नेछ ।

४) संघले व्यक्ति सरह आफ्नो नाउँवाट नालिस उजुर गर्न र संघलाई सोही नाममा नालिस उजुर लाग्न सक्नेछ ।

५) संघको आफ्नो छुट्टै झण्डा र लोगो हुनेछ । संघको झण्डा अनुसूचि १ मा उल्लेख भए बमोजिम हुनेछ ।

## ६. संघको सचिवालय :

१) संघको केन्द्रिय सचिवालय काठमाण्डौं उपत्यकामा रहनेछ । केन्द्रिय कार्यसमिति सदस्यको एक तिहाई नबढ्ने गरी एक सचिवालयको गठन गरिनेछ । कार्यकारी निर्देशकको समन्वयमा सचिवालयको संचालन गरिनेछ । सचिवालयको काम, कर्तवय र अधिकार तथा जनशक्ति परिचालन तोकीए वमोजीम हुनेछ ।

२) संघको प्रदेश र जिल्ला स्तरमा, प्रदेश संघ र जिल्ला संघको सचिवालयको रुपमा कार्यालयहरु रहनछन् ।

३) संघले आवश्यकता अनुसार नेपाल राष्ट्र भित्र सम्पर्क कार्यालय खोल्न सक्नेछ ।

## ७. संघको बैठक :

१) संघको बैठक अध्यक्षको परामर्श लिई महासचिवले बैठक वस्ने मिति, समय र स्थान खोली वैठक बोलाउनेछ । संघको बैठक कम्तिमा ३ महिनामा एक पटक बस्नु पर्नेछ ।

२) संघको कार्यसमिति तथा साधारण सभामा कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्य उपस्थित भएमा संघको कार्यसमिति तथा साधारण सभाको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

Scanned with CamScanner

३) अध्यक्षको अनुपस्थितिमा बरिष्ठ उपाध्यक्ष, सो पछि बरिष्ठताका आधारमा उपाध्यक्षले अध्यक्षता ग्रहण गर्नेछन् । अध्यक्ष, बरिष्ठ उपाध्यक्ष र उपाध्यक्ष अनुपस्थित रहेमा महासचिवले बैठकको अध्यक्षता गर्नेछ ।

४) संघको बैठकमा बहुमतको राय मान्य हुनेछ । मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

५) संघको निर्णयपुस्तिका अध्यक्ष वा महासचिवले प्रमाणित गर्नेछ ।

६) संघको प्रदेश संघको बैठक सम्बन्धि व्यवस्था उपदफा (१), (२), (३), (४) र (५) संघ नबाझिने गरी प्रदेश संघ आफैले निर्धारण गर्न सक्नेछ । तर संघले बैठक सम्बन्धी कुनै कार्यविधि थप गरेमा सो व्यवस्था समेत लागु हुनेछ ।

७) संघको बैठक सम्बन्धि अन्य कार्यविधि संघ आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद -३
## (प्रदेश संघ गठन)

### ८. प्रदेश संघको स्थापना तथा कार्यसमितिको गठन:

(१) राष्ट्रिय खेलकुद विकास ऐन २०७७ को दफा २४ बमोजिम सम्बन्धित प्रदेश कानुन अनुसार गठन हुने प्रदेश अटोमाबाईल्स एसोसीएसनमा देहाय बमोजिम बढीमा १५ (पन्ध्र) सदस्यीय कार्य समिति रहने छन्:

| | |
|---|---|
| (क) अध्यक्ष | १ (एक) जना |
| (ख) उपाध्यक्ष | ३ (तीन) जना |
| (ग) सचिव | २ (दुइ) जना |
| (घ) कोषाध्यक्ष | १ (एक) जना |
| (ङ) सदस्य | ८ (आठ) जना |

(२) उपदफा (१) बमोजिम गठन हुने प्रदेश कार्य समितिको अध्यक्ष १ (एक), उपाध्यक्ष २ (दुई), सचिव १ (एक), कोषाध्यक्ष १ (एक), र सदस्यहरु ४ (चार) जना प्रदेश संघको साधारण सभावाट निर्वाचित हुनेछ । कार्यसमितिमा कम्तिमा २ जना महिला हुनुपर्नेछ ।

(३) प्रदेश संघको उपदफा (१) बमोजिम गठन हुने कार्य समितिका लागि उपाध्यक्ष-१ र सदस्य-२ जना निर्वाचित कार्य समितिको बैठकले मनोनयन गर्नेछ भने २ जना सदस्य प्रदेश खेलकुद परषिदबाट र प्राविधिक जनशक्तिको रुपमा उपाध्यक्ष १ (एक) र सचिव १ (एक) केन्द्रीय कार्यसमितिवाट मनोनयन गरिनेछ ।

(४) उपदफा (३) वमोजिम मनोनित हुने पदाधिकारी एंव सदस्यहरुमा सामाजका प्रतिष्ठित व्यक्तित्व, बुद्धिजीवी, समाजसेवी तथा यस विधानमा आस्था राखि सम्बन्धित क्षेत्रमा योगदान दिने व्यक्तिहरु मध्येवाट मनोनयन गर्नुपर्नेछ।

(५) केन्द्रिय तथा प्रदेश कार्य समितिमा उपदफा (२) बमोजिम कुनै महिला प्रतिनिधि निर्वाचित भई आउन नसकेको अवस्थामा उपदफा (३) वमोजिम मनोनित गर्दा महिला सदस्यलाई प्राथमिकता दिनु पर्नेछ ।

(६) निर्वाचित तथा मनोनित सदस्यहरुको पदावधि ४ (चार) वर्षको हुनेछ । मनोनित पदाधिकारी तथा सदस्यहरुको पदावधिको गणना निर्वाचित सदस्यहरु बहाल भएकै मिति देखी शुरु भएको मानिनेछ । निजहरु विधानले व्यवस्था गरे बमोजिम पुन: निर्वाचित वा मनोनित हुनसक्नेछन् तर कार्य समितिका अध्यक्ष, महासचिब र कोषाध्यक्ष सोहि पदमा २ (दुइ) कार्यकाल भन्द बढी उमेदवार वन्न पाइने छैन ।

(७) साधारण सभाबाट निर्वाचित हुन नसकेका वर्तमान कार्य समितिका पदाधिकारी तथा सदस्यहरुको कार्यवधी सोही मिति देखी समाप्त भएको मानिनेछ ।

(८) कार्यसमितिका दुई तिहाई सदस्यहरुले आफ्नो पदवाट राजिनामा दिएको खण्डमा कार्यसमिति स्वत:भंग भई उपदफा नयाँ कार्यसमितिका लागि केन्द्रीय कार्यसमितिले निर्वाचनको घोषणा गर्नेछ ।

Scanned with CamScanner

(९) कार्यसमितिका दुई तिहाई सदस्यहरू बैठकमा तीन पटकसम्म अनुपस्थित भई बैठक नै अवरूद्ध हुन गएमा अध्यक्षले कार्य समिति भंग गरी उपदफा (१) बमोजिम नयाँ कार्य समिति गठनका लागि केन्द्रीय कार्य समितिमा सिफारिस गर्न सक्नेछ, तर त्यस्तो निर्वाचन बढीमा तीन महिना भित्र सम्पन्न गर्नु बाध्यकारी हुनेछ ।

(१०) उपदफा (८) र उपदफा (९) बमोजिम निर्वाचन हुन नसकेमा साधारण सभाका ५१ (एकाउन्न) प्रतिशत सदस्यहरुले निवेदन दिई साधारण सभा आव्हान गर्न सक्नेछ र उक्त साधारण सभाबाट तदर्थ समिति गठन हुनेछ तर, त्यस्तो तदर्थ समितिले नीतिगत विषय बाहेक दैनिक कामकाज मात्र गर्न सक्नेछ र सोको म्याद ६ (छ) महिनाको हुने र सो अवधि भित्र अनिवार्य निर्वाचन गराउनु पर्नेछ ।

**९. जिल्ला संघ तथा क्लबको स्थापना तथा कार्यसमितिको गठन :**

(१) जिल्ला अटोमाबाईल्स एसोसीएसन तथा क्लब गठन गर्न सकिनेछ । जसमा देहाय, बमोजिम बढीमा ११(एघार) सदस्यीय जिल्ला कार्य समिति रहने छ: (आवश्यक्ता र अनुकुलता भएको अवस्थामा मात्र जिल्ला संघ गठन गर्ने सकिनेछ)

(क) अध्यक्ष १ (एक) जना
(ख) उपाध्यक्ष २ (एक) जना
(ग) सचिव १ (एक) जना
(घ) कोषाध्यक्ष १ (एक) जना
(ङ) सदस्य ६ (छ) जना

(२) उपदफा (१) बमोजिम गठन हुने जिल्ला समिति अथवा क्लबको अध्यक्ष १ (एक), उपाध्यक्ष १ (एक), सचिव १ (एक), कोषाध्यक्ष १ (एक) र सदस्यहरु ३ (तिन) जना जिल्ला संघको साधारण सभाबाट निर्वाचित हुनेछ । कार्य समितिमा कम्तिमा २ जना महिला हुनुपर्नेछ ।
(३) उपदफा (१) बमोजिम गठन हुने कार्य समितिका लागि उपाध्यक्ष १ (एक) र सदस्य ३ (तीन) जना जिल्ला संघको निर्वाचित कार्य समिति बैठकले मनोनयन गर्नेछ ।
(४) उपदफा (३) बमोजिम मनोनित हुने पदाधिकारी एंव सदस्यहरुमा सामाजका प्रतिष्ठित व्यक्तित्व, वुद्धिजीवी, समाजसेवी तथा यस विधानमा आस्था राखि सम्बन्धित क्षेत्रमा योगदान दिने व्यक्तिहरु मध्येबाट मनोनयन गर्नुपर्नेछ ।
(५) जिल्ला कार्य समिति वा क्लवमा उपदफा (२) बमोजिम कुनै· महिला प्रतिनिधि निर्वाचित भई आउन नसकेको अवस्थामा उपदफा (३) बमोजिम मनोनित गर्दा अनिवार्य महिलालाई मनोनयन गर्नु पर्नेछ ।
(६) निर्वाचित तथा मनोनित सदस्यहरुको पदावधि ४ (चार) वर्षको हुनेछ । मनोनित प्रदाधिकारी तथा सदस्यहरुको पदावधिको गणना निर्वाचित सदस्यहरु बहाल भएकै मिति देखी शुरु भएको मानिनेछ । निजहरु विधानले व्यवस्था गरे बमोजिम पुन: निर्वाचित वा मनोनित हुनसक्नेछन् तर कार्य समितिका अध्यक्ष, महासचिव र कोषाध्यक्ष सोहि पदमा २ (दुइ) कार्यकाल भन्द बढी उमेदवार बन्न पाइने छैन ।
(७) साधारण सभाबाट निर्वाचित हुन नसकेका वर्तमान कार्य समितिका पदाधिकारी तथा सदस्यहरुको कार्यावधी सोही मिति देखी समाप्त भएको मानिनेछ ।
(८) कार्यसमितिका दुई तिहाई सदस्यहरुले आफ्नो पदवाट राजिनामा दिएको खण्डमा कार्यसमिति स्वत:भंग भई उपदफा (१) बमोजिम नयाँ कार्यसमितिका लागि केन्द्रीय कार्यसमितिले दफा २६ बमोजिम निर्वाचनको घोषणा गर्नेछ ।
(९) कार्य समितिका दुई तिहाई सदस्यहरू बैठकमा तीन पटकसम्म अनुपस्थित भई बैठक नै अवरूद्ध हुन गएमा अध्यक्षले कार्य समिति भंग गरी उपदफा (१) बमोजिम नयाँ कार्य समिति गठनका लागि केन्द्रीय कार्य समितिमा सिफारिस गर्न सक्नेछ, तर त्यस्तो निर्वाचन बढीमा तीन महिना भित्र सम्पन्न गर्नु बाध्यकारी हुनेछ ।
(१०)उपदफा (८) र उपदफा (९) बमोजिम निर्वाचन हुन नसकेमा साधारण सभाका ५१ (एकाउन्न) प्रतिशत सदस्यहरुले निवेदन दिई साधारण सभा आव्हान गर्न सक्नेछ र उक्त साधारण सभाबाट तदर्थ समिति गठन हुनेछ तर, त्यस्तो तदर्थ समितिले नीतिगत विषय बाहेक दैनिक कामकाज मात्र गर्न सक्नेछ र सोको म्याद ६ (छ) महिनाको हुने र सो अवधि भित्र अनिवार्य निर्वाचन गराउनु पर्नेछ ।

National Sports Council-Nepal

Scanned with CamScanner

परिच्छेद - ४

(साधारण सभा तथा काम कर्तब्य र अधिकार )

**१०. साधारण सभा :**

१. नेपाल अटोमाबाईल्स एसोसीएसनको केन्द्रिय साधारण सभा देहाय बमोजिमका सदस्यहरु रहनेगरी गठन हुनेछ :

क) केन्द्रिय कार्य समितिका सदस्यहरु ।

ख) टेक्निकल समिति (मार्शल, भोलेन्टियर र एथलेट) बाट मनोनित वा निर्वाचीत १ महिला सहित ३ जना प्रतिनिधि ।

ग) राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २३ बमोजिम गठन भएको प्रत्येक प्रदेश संघबाट केन्द्रिय साधारण सभाका लागि निर्वाचित प्रतिनिधी १ महिला सहित ५/५ जना । (तर यो व्यवस्था प्रदेश संघ गठन भएको अवस्थामा मात्र लागू हुनेछ)

घ) राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २४ बमोजिम गठन भएका प्रत्येक जिल्ला संघबाट केन्द्रिय साधारण सभाको लागि निर्वाचित प्रतिनिधी १/१ जना । (तर यो व्यवस्था जिल्ला संघ गठन भई कार्यसमितिले मान्यता दिएको अवस्थामा मात्र लागू हुनेछ)

ङ) संघ संग आवद्धता प्राप्त क्लवहरुबाट १/१ जना ।

च) मोटरस्पोर्टसमा लामो समय देखी संलग्न र महत्वपूर्ण योगदान दिएका आजिवन सदष्यहरु, कपरिट र एसोसीएटका सदष्यहरु त्था प्रतिष्ठीत र महत्वपूर्ण ब्यक्तित्वहरुलाइ केन्द्रिय कार्यसमितिले बढिमा १० प्रतिशत भित्र रहने गरी साधारण सभाको प्रतिनिधि मनोनयन गर्न सकिनेछ ।

छ) ओलम्पिक खेलमा भाग लिएका खेलाडी तथा अन्तर्राष्ट्रिय महासंघ, एशियाली तथा दक्षिणएशियाली महासंघको कार्यसमितिको सदस्य भएको नेपाली नागरिक एसोसीएसनको केन्द्रिय साधारण सभाको सदस्य हुनेछन् ।

ज) केन्द्रिय संघ विघटन भई तदर्थ समिति कायम भएमा वा केन्द्रिय कार्यसमितिको पदाधिकारीहरुको पदावधी समाप्त भएमा जिल्ला र प्रदेशवाट निर्वाचित भई आएका साधारण सभाको सदस्यहरुको पदावधी समाप्त भएको मानिनेछ ।

२) नेपाल अटोमाबाईल्स एसोसीएसनका साधारण सभा हु"दा उपदफा (१) बाहेक कुनै व्यक्तिलाई पर्यवेक्षक, प्रतिनिधिको रुपमा सधारण सभामा भाग लिन पाउने गरी संघले तोक्न सक्नेछ । तर, त्यस्ता प्रतिनिधिलाई मतदानमा भाग लिने अधिकार हुने छैन ।

३) प्रदेश संघ, जिल्ला संघ तथा कार्यसमितिका पदाधिकारीहरुको पदावधी समाप्त भएकोमा प्रदेश संघ, जिल्ला संघको निर्वाचन सम्पन्न गरी साधारण सभामा विधानले तोकिएको कार्यविधि पुरा गरी निर्वाचित वा मनोनयन गरी निर्वाचन साधारण सभा सदस्य (प्रतिनिधि) पठाउनु पर्नेछ । त्यसरी विधानले तोकिएको कार्यविधि पुरा नगरी पठाएको साधारण सभा सदस्य (प्रतिनिधि) बैध भएको मानिनेछ छैन ।

४) केन्द्रिय कार्य समितिको निर्वाचन हु"दा केन्द्रिय कार्य समितिमा निर्वाचित हुन नसकेका केन्द्रिय कार्यसमितिका पदाधिकारीहरुको साधारण सभा सदस्य (प्रतिनिधि) स्वतः समाप्त भएको मानिन्छ ।

५) साधारण सभाको काम, कर्तव्य र अधिकार :

१. नेपाल अटोमाबाईल्स एसोसीएसनको केन्द्रिय साधारणसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) सामान्यतया: बर्षमा १ पटक संघको वार्षिक साधारणसभा बस्नेछ । तर, कार्य समितिले विशेष साभारण सभा बोलाउन वा यस विधान बमोजिम अन्य विशेष साधारण सभा वस्नलाई यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

ख) साधारण सभाका सदस्यहरु मध्ये एक चौथाईले कुनै विषयमा विशेष साधारण सभा बोलाईयोस भनि लिखित अनुरोध गरेमा संघले २ महिना भित्र साधारण सभा बस्ने गरी विशेष साधारण सभा बोलाउन सक्नेछ ।

ग) संघले वार्षिक साधारण सभा वस्ने सम्वन्धमा कम्तिमा २१ दिन अगावै र विशेष साधारण सभा बस्ने सम्वन्धमा कम्तिमा ७ दिनको सूचना दिई वार्षिक वा विशेष साधारण सभा बोलाउन सकिनेछ ।

National Sports Council

Scanned with CamScanner

घ) साधारण सभामा कम्तिमा ५१ प्रतिशत सदस्यको उपस्थिती भएपछि साधारण सभाको गणपुरक संख्या पुगेको मानिनेछ । तर, पहिलो दिन गणपुरक संख्या नपुग भएमा त्यसको भोलिपल्ट जति प्रतिशत सदस्य उपस्थित भएपनि संघको गणपुरक संख्या पुगेको मानिनेछ ।

ङ) साधारण सभाको सभापतित्व अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्ष, उपाध्यक्षहरु उपस्थित नभएमा सदस्यहरु मध्ये आफुले छानेको सदस्यको अध्यक्षतामा साधारण सभा वस्नेछ ।

च) साधारण सभामा निर्णयको लागि प्रस्तुत गरिने निर्णय कार्यसमितिले प्रस्तावको रुपमा पेश गर्नु पर्नेछ ।

छ) निर्वाचन बाहेक पक्ष विपक्षमा मत दि"दा साधारणतया हात उठाई गर्न सकिनेछ । तर, आवश्यक परेमा गोप्य मतदान पनि गर्न सकिनेछ । मत बरारब भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

ज) साधारण सभामा उपस्थित सदस्यहरुको वहुमतको रायलाई साधारण सभाको निर्णय मानिनेछ । त्यस्तो निर्णय सभाको अध्यक्षता गर्ने व्यक्ति र साधारण सभाको प्रतिनिधिबाट प्रमाणित गरिनेछ ।

झ) निर्णय पुस्तिकामा साधारण सभाको निर्णय अभिलेख गरिनेछ ।

ञ) साधारण सभामा कार्यसमितिले प्रस्तुत गरेको एजेण्डामा छलफल र निर्णय गर्नेछ ।

ट) केन्द्रिय कार्य समितिको यस विधानमा तोकिए बमोजिम सदस्यहरुको निर्वाचन गर्ने ।

ठ) लेखापरिक्षकको नियुक्ति गर्ने तथा पारिश्रमीक तोक्ने ।

ड) लेखा परिक्षकको प्रतिवेदन छलफल गरी निर्णय गर्ने ।

ढ) बार्षिक कार्यक्रम र बजेट पारीत गर्ने ।

ण) अविश्वासको प्रस्ताव आएका बखत सो उपर छलफल र निर्णय गर्ने अविश्वासको प्रस्ताव पारीत भएमा नर्वाचन नहुन्जेल सम्मको लागि तदर्थ समिति गठन गर्ने ।

त) साधारण सभाका सदस्यहस्ले ३ दिन अगावै साधारण सभामा छलफलको लागि प्रस्तु गरेको प्रस्ताव कार्यसमिति मार्फत साधारण सभामा प्रस्तु गरिनेछ । सो प्रस्ताव उपर साधारण सभाले निर्णय लिन सक्नेछ । तर, त्यस्तो प्रस्तावको माध्यमबाट अविश्वासको प्रस्ताव दर्ता गर्न पाईने छैन ।

थ) विधान संशोधनका लागि साधारण सभामा प्रस्ताव प्रस्तुत भएमा त्यस्तो प्रस्ताव साधारण सभामा उपस्थित सदस्यको दुई तिहाई सदस्यको मतद्धारा पारित भएमा मात्र सो शंसोधन प्रस्ताव स्वीकृत भएको मानिनेछ ।

द) कार्यसमितिलाई आवश्यकता अनुसार निर्देशन दिने तथा समसामयिक विषयमा प्रस्तावहरु पारित गर्न सक्नेछ ।

ध) संघको उद्देश्य कार्यान्वयन गर्ने सम्वन्धमा उपयुक्त र आवश्यक कार्य गर्न गराउन सक्नेछ ।

न) साधारण सभाको सचिवालयको काम कार्यसमितिको सचिवालय वा कार्यालयबाट गरिनेछ ।

**११. प्रदेश साधारण सभा:**

प्रदेश संघको प्रदेश सधारण सभा देहाय बमोजिमका सदस्यहरू रहने गरी गठन हुनेछ :

(१) प्रदेश संघका बर्त्तमान कार्य समितिका पदाधिकारी र सदस्यहरू जसले तदर्थ समितिलाई समेत जनाउनेछ ।

(२) प्रदेश अन्तरगतका साधारण सदस्य, आजिवन सदस्य, कर्पोरेट तथा एसोसीएट सदश्य मध्ये बाट ५ जना ।

(३) समवन्धित प्रदेश भीत्र दर्ता भई केन्द्रिय संघले मान्यता दिएका क्लब, कर्पोरेट तथा एसोसीएट संघ संस्था तर्फबाट एक महिला सहित ३/३ जना

(४) समवन्धित प्रदेश भित्र रहेका रहेका जिल्ला संघका १ महिला सहित ३/३ जना प्रतिनिधि, तर यो व्यवस्था जिल्ला संघ गठन भएको अवस्थामा मात्र लागु हनेछ ।

(५) साधारण सभाको सदस्यता प्राप्त गर्न सम्बन्धित प्रदेशको वासिन्दा वा कम्तीमा ३ वर्ष अघिदेखि सोही प्रदेशमा पेशा व्यवसाय संञ्चालन गरि बसोवास गरेको हुनुपर्नेछ । आवश्यक परेको खण्डमा कानून बमोजिमका निस्सा वा प्रमाण पेश गर्नुपर्नेछ ।

(६) प्रदेश संघका वर्तमान कार्यसमिति पुन निर्वाचित हुन नसकेमा उक्त पद स्वत: निस्कृय भएको मनिनेछ ।

Scanned with CamScanner

(७) प्रदेश साधारणसभा सदस्यलाई प्रदेश संघको साधारण सभामा भाग लिने र मतदान गर्ने अधिकार हुनेछ तर, निर्वाचित प्रदेश कार्य समितिका मनोनित पदाधिकारी वा सदस्यहरूले कुनै पनि पदमा उमेदवारी दिन पाईने छैन ।
(८) साधारण सभा सदस्यको सदस्यता संघले तोकेको समयभित्र नविकरण नगरिएमा सदस्यता समाप्त भएको मानिने छ।
(९) मोटरस्पोर्टस नेपाल र विश्वकै सन्दर्भमा आम खेल नभै विशेष, शाहसीक र चुनौतीपुर्ण खेल भएको हुदा विशेष खेलको रुपमा रहेको हुदा (खेलकुद विकास नियमावली २०७७ दफा ८ ग) अनुसार सिधै प्रदेश संघ गठन गरीनेछ ।

**१२. जिल्ला साधारण सभा:**

जिल्ल संघको जिल्ला साधारण सभा (जिल्ला संघ गठन भएको अवस्थामा मात्र) देहाय वमोजिमका सदस्यहरू रहने गरी गठन हुनेछ :
(१) जिल्ला संघका बर्त्तमान कार्य समितिका पदाधिकारी र सदस्यहरू जसले तदर्थ समितिलाई समेत जनाउनेछ ।
(२) जिल्ला अन्तरगतका साधरण सदस्य, आजिवन लगाएतका सदस्यहरु बाट ५ जना खेल प्रेमी स्थानिय व्यक्तिहरु ।
(३) जिल्ला संघको मतहातमा रहेका क्लब एवं प्रशिक्षण केन्द्रका २/२ जना प्रतिनिधि ।
(४) साधारण सभाकोसदस्यता प्राप्त गर्न सम्बन्धित जिल्लाको बासिन्दा वा कम्तीमा ३ वर्ष देखि सोही जिल्लामा पेशा व्यवसाय संञ्चालन गरि बसोवास गरेको हुनु पर्नेछ । आवश्यक परेको खण्डमा कानून वमोजिमका निस्सा वा प्रमाण पेश गर्नुपर्नेछ ।
(५) जिल्ला संघका वर्तमान कार्यसमिति पुन निर्वाचित हुन नसकेमा उक्त पद स्वत: निस्कृय भएको मनिनेछ ।
(६) साधारण सभाका सदस्यको सदस्यता संघले तोकेको समयभित्र नविकरण नगरिएमा सदस्यता समाप्त भएको मानिनेछ ।

**१३. निर्देशिका लागु गर्न सक्ने:**

१. नेपाल अटोमाबाईल्स एसोसीएसनको केन्द्रिय कार्यसमितिले संघको प्रदेश साधारण सभा, जिल्ला साधारण सभा, केन्द्रिय कार्यसमितिका पदाधिकारीहरु तथा जिल्ला कार्य समितिको काम, कर्तव्य र अधिकार र विभीन्न क्षेत्रगत कार्यको सम्वन्धमा छुट्टै निर्देशिका वनाई लागू गर्न सक्नेछ । तर संघको स्वीकृत विधान तथा उद्देश्य विपरित कुनै काम भए गरेको पाईएमा त्यस्ता प्रदेश साधारण सभा, जिल्ला साधारण सभा, प्रदेश समिति तथा जिल्ला कार्य समितिको काम, कर्तव्य र अधिकार निलम्वित गर्न यस दफाले वाधा पुऱ्याएको मानिने छैन ।

## परिच्छेद - ५
## (कार्यसमीतिको काम, कर्तबय र अधिकार )

**१४. कार्यसमितिको काम, कर्तव्य र अधिकार:**

१. प्रचलित ऐन कानून तथा परिषदको निर्देशनको अतिरिक्त नेपाल अटोमाबाईल्स फेडेरेशनको केन्द्रिय कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :
क) संघको केन्द्रिय कार्यसमितिले गर्ने भनि ऐन, कानुन नियम तथा विधान र नियमावलीमा तोकिएको कार्यहरु गर्ने ।
ख) खेलको विकास र विस्तारमा क्रियाशिल रहने ।
ग) संघको उद्देश्य प्राप्तिका लागि संघका कार्यहरु संचालन गर्ने गराउने । विभिन्न प्रतियोगिलाहरु आयोजना तथा संचालन गर्ने, अन्तराष्ट्रिय प्रतियोगिताहरुको आयोजना तथा संचालन गर्ने गराउने ।
घ) संघको वार्षिक वजेट तथा कार्यकम वनाई साधारण सभामा स्वीकृतिको लागि पेश गर्ने ।
ङ) संघको निति, कार्यक्रम तथा निर्णयहरुको बरखिलाप गर्ने तथा अनुसाशनहिन गतीविधीमा संलग्न रहने पदाधीकरी तथा सदश्यहरु, अफिसीयल, प्राविधिक तथा खेलाडीहरु समेतलाई कार्वाहीको निर्णय गर्ने निर्देशन दिने ।
च) आर्थिक श्रोतहरु जुटाउन तथा आर्थिक श्रोतहरु एकिन गरी त्यस्ता कार्यक्रमहरु संचालन गर्ने गराउने ।
छ) संघको कर्मचारी, आर्थिक तथा अन्य आवश्यक नियमहरु वनाई साधारणसभाको स्वीकृतिका लागि पेश गर्ने ।

Scanned with CamScanner

ञ) खेलकुदको विकास र विस्तारको लागि अन्य खेलकुद संघ र महासंघहरु संग समन्वय र सम्पर्क राख्ने ।
झ) संघका मातहतमा प्रदेश संघहरु वा जिल्ला संघहरु बिचको समन्वय गर्ने र आवश्यकता अनुसार निर्देशन दिने ।
ञ) संघका मातहतका संघ तथा क्लबहरुलाई कार्यक्रम संचालन तथा सम्बन्धित खेलको विकासमा सहयोग जुटाउने ।
ट) सदस्यता प्रदान गर्ने सम्वन्धि प्रस्ताव उपर छलफल गर्ने र सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय उपर विवाद आएमा त्यस्तो निर्णय गर्ने र निर्णय बमोजिम गर्न गराउन जिल्ला कार्यसमितिलाई निर्देशन दिने ।
ठ) संघको बार्षिक लेखापरिक्षण गराउने ।
ड) सम्बन्धित खेलकुदको विकास विस्तार सम्वन्धमा राष्ट्रिय खेलकुद परिषद, नेपाल ओलम्पिक कमिटी तथा नेपाल सरकारलाई राय, सल्लाह र सुझाव दिने संघको उद्देश्य प्राप्त गर्ने सम्वन्धमा राष्ट्रिय खेलकुद परिषद तथा नेपाल सरकारले दिएको निर्देशन पालना गर्ने गराउने ।
ढ) सम्बन्धित खेलका खेलाडी, प्रशिक्षकहरुको रेकर्ड राख्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडीको हित र कल्याणका लागि सक्दो सहयोग पुऱ्याउने कार्यक्रम लागू गर्दै जाने ।
ण) सम्बन्धित खेलको विकास र विस्तारका लागि देखा परेका समस्या समाधानका लागि कार्यहरु गर्ने गराउने । त्यसका लागि सम्वन्धित निकायसंग सहयोग माग गर्ने ।
त) विभिन्न सभा सम्मेलनमा भाग लिने वा प्रतिनिधि पठाउने तथा स्वंय सभा सेम्मेलन कार्यक्रम गर्ने गराउने ।
थ) प्रचलित ऐन कानून तथा ओलम्पिक कमिटीको प्रकृया पुरा गरी अन्तर्राष्ट्रिय स्तरको प्रतियोगिता वा तालिम, गोष्ठी, सेमिनारमा भाग लिने, प्रतिनिधी पठाउने । सो प्रतियोगिता वा तालिम, गोष्ठी सेमिनारको आयोजना गर्ने ।
द) जिल्ला संघ र प्रदेश संघ तथा जिल्ला तथा प्रदेश संघका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार तोक्ने । अन्य आवश्यक निर्देशन दिने ।
ध) सचिववालयले प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गर्ने र आवश्यक जनशक्ति परिचालन गर्ने गराउने ।
न) संघले गर्नुपर्ने विभिन्न कार्यका लागि आवश्यक कमिसन र कार्यदलहरु गठन गर्ने र तिनीहरुको काम, कर्तव्य र अधिकार तथा पदावधी तोक्ने ।
प) संघले गर्नुपर्ने विभिन्न खेलकुद सम्वन्धि कार्यका लागि विभिन्न उपसमितिहरु गठन गर्ने र तिनीहरुको काम, कर्तव्य र अधिकार तथा पदावधी तोक्ने ।
फ) संघको विभिन्न सदस्यताको शुल्क तोक्ने ।
ब) संघको उद्देश्य प्राप्तिका लागि सचिवालयलाइ परिचालन गर्ने तथा अख्तीयारीदिई आवश्यक कामहरु गर्ने गराउने ।
भ) मातहतका संघ एवं निकायहरुलाई निर्देशन दिने तथा अनुशासनात्मक कारवाही गर्ने ।
म) सम्वन्धित खेलकुद सम्वन्धि क्लव तथा संस्थाहरुलाई आवद्धता प्रदान गर्ने ।
य) खेल र संघको नियम उलंघन गर्ने खेलाडी, रेफ्रि, प्रशिक्षक तथा सम्वन्धितलाई अनुशासनात्मक कारवाही गर्ने ।
र) संघको कार्यसमितिको संख्याको अनुपातमा नबढ्ने गरी एक संयोजक सहितको सल्लाहकार समिति गठन गर्ने सक्नेछ । उक्त समितिले कार्यसमितिलाई आवश्यक नितिगत सुझाव तथा प्रस्तावहरु पेश गर्न सक्नेछ ।

## परिच्छेद - ६
## (पदाधिकारीको काम, कर्तव्य र अधिकार)

**१५. संघको पदाधिकारीको काम, कर्तव्य र अधिकार :-**

**१. संघको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

क) साधारण सभा र कार्य समितिको बैठकको अध्यक्षता गर्ने ।
ख) साधारण सभा तथा कार्यसमितिको निर्णय कार्यान्वयन भए नभएको निरीक्षण गर्ने र आवश्यक निर्देशन दिने ।
ग) अध्यक्षको हैसियतले सल्लाहाकार समिति, साझेदार संघ संस्था तथा सचिवालय संग समन्वय गर्ने ।

घ) सम्बन्धित खेलको विकासको लागि परिषद, नेपाल ओलम्पिक कमिटी र अन्य खेलसंग सम्बन्धित संघ/संस्थाहरु संग निकटतम सम्पर्कमा रही कार्य गर्ने ।

ङ) बैठकमा मत बराबर भएमा निर्णय मत प्रदान गर्ने ।

च) संघको समग्रह नेतृत्व प्रदान गर्ने ।

**२. संघको बरिष्ठ उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

क) अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्ने सबै कार्यहरु गर्ने, गराउने ।

ख) दफा १२(१) बमोजिमको काम, कर्तव्य र अधिकार अध्यक्षको अनुपस्थितीमा वरिष्ठ उपाध्यक्षले प्रयोग गर्नेछ ।

ग) कार्यसमिति वा अध्यक्षले प्रत्यायोजित गरेको अन्य कार्यहरु गर्ने तथा अन्य पदाधिकारी संग समन्वय गर्ने गराउने ।

घ) विषयगत र नितीगत कार्यको समन्वय गर्ने तथा प्रादेशीक कार्यक्रमको समन्वय गर्ने ।

**३. संघको उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

क) अध्यक्ष र बरिष्ठ उपाध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्ने सबै कार्यहरु गर्ने, गराउने ।

ख) दफा १२(२)बमोजिमको काम, कर्तव्य र अधिकार अध्यक्ष र बरिष्ठ उपाध्यक्षको अनुपस्थितीमा उपाध्यक्षले प्रयोग गर्ने ।

ग) कार्य समिति वा अध्यक्षले प्रत्यायोजित गरेको अन्य कार्यहरु गर्ने गराउने ।

घ) विषयगत तथा प्रादेशीक कार्यक्रमको समन्वय गर्ने ।

**४. संघको महासचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

क) अध्यक्षसंग परामर्श गरी कार्यसमितिको वैठक बोलाउने र कार्यसमितिको निर्णय बमोजिम साधारण सभा बोलाउने ।

ख) कार्य समितिले वैठकमा छलफलमा लागि एजेण्डाहरु प्रस्तुत गर्ने ।

ग) कार्यसमितिको निर्णयहरु कार्यानवयन गर्ने गराउने ।

घ) साधारण सभा एवं कार्य समितिले प्रदान गर्ने काम र कर्तव्यको सम्पादन गर्ने ।

ङ) संघको तर्फबाट पत्राचार गर्ने या सचिवहरुलाई अख्तीयारी दिने ।

च) संघको निर्णय, आदेश वा लिखित उतारको प्रमाणित गर्ने ।

छ) पदाधीकारी, सचिवालय तथा समवन्धित निकायसंग परामर्श गरी आवश्यक ठाउ"मा प्रतिनिधित्वको व्यवस्था गर्ने ।

ज) कार्यसमितिको प्रतिवेदन पेश गर्ने ।

झ) संघको आवधिक प्रतिवेदन वा प्रगति विवरण सम्वन्धित संस्थामा पठाउने ।

ञ) अध्यक्ष तथा सचिवालय संगको समन्वयमा अन्तर्राष्ट्रिय संघ संस्थाहरु संग सम्पर्क कायम गर्ने गराउने ।

ट) वार्षिक तथा खेल कार्यक्रमको तालिका निर्धारण गरि स्वीकृतिका लागि कार्य समितिमा पेश गर्ने

ठ) अध्यक्षले तोकेको अन्य कार्य गर्ने गराउने ।

**५. संघको सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

क) कार्यसमितिको निर्णयहरु कार्यानवयन गर्ने गराउने ।

ख) साधारण सभा एवं कार्यसमितिले प्रदान गर्ने काम र कर्तव्यको सम्पादन गर्ने ।

ग) विषयगत कार्य तथा कार्यक्रमको लागी पत्राचार गर्ने गराउने ।

घ) सचिवालयमा रहि दैनीक कार्य सम्पादनमा सकृय रहने ।

ङ) कार्यसमितिको वैठकमा विषयगन प्रतिवेदन पेश गर्ने ।

च) संघको आवधिक प्रतिवेदन वा प्रगति विवरण सम्वन्धित संस्थामा पठाउने ।

छ) विषयगत कार्यक्रमको तालिका निर्धारण गरि स्वीकृतिका लागि कार्य समितिमा पेश गर्ने

Scanned with CamScanner

६. संघको कोषाध्यक्षका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) आर्थिक कारोवार सम्वन्धि कार्यको जिम्मेवारी लिने ।

ख) बजेट र त्यसको विवरण कार्य समिति र साधारण सभामा पेश गर्ने ।

ग) संघको बैंक खाता तथा आमदानी खर्चको ब्यवस्थापन गर्ने ।

घ) अध्यक्ष तथा महासचिव संग परामर्श गरी विभिन्न ठाउ"मा प्रतिनिधित्व गर्ने ।

ङ) कार्यसमितिको निर्णय अनुसार कोषको खाता संचालन गर्ने गराउने ।

च) संघको कोष तथा लेखा विधिवत राख्ने र संघको सम्पत्ति दायित्व आय र व्यय जनाउने गरि हिसाव राख्ने ।

छ) संघको कोष तथा लेखा सम्वन्धि सम्पूर्ण दायित्व वहन गर्ने र र त्यसको लेखा परिक्षण गराउने । ।

ज) संघको जिन्सी सामानको भौतिक संपरिक्षण गराउने ।

झ) संघको सदस्य शुल्क वा चन्दा वा अन्य रकमको श्रेस्ता दुरुस्त राख्ने, उठाउन बा"की रकम उठाउने ।

ञ) नेपाल सरकारद्धारा जारी सार्वजनिक खरिद ऐन - २०६३ को कार्यान्वयन गर्ने, गराउने ।

**७. संघको सह-कोषाध्यक्षका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) विभिन्न कार्यक्रम तथा परीयोजनाहरुको आर्थीक समन्वय गर्ने ।

ख) बजेट र त्यसको विवरण कार्य समिति र साधारण सभामा पेश गर्ने ।

ग) सचिवालयमा रहि वित्तिय कारोवारको अभिलेख राख्ने ।

घ) अध्यक्ष, महासचिव तथा काषाध्यक्ष संग परामर्श गरी विभिन्न ठाउ"मा प्रतिनिधित्व गर्ने ।

ङ) कार्यसमितिको निर्णय अनुसार कोषको खाता संचालन गर्ने गराउने ।

च) विभिन्न विषयगत समिति, प्रदेश तथा क्लबको आर्थीक व्यवस्थापनमा सहयोग गर्ने ।

**८. संघको कार्यसमितिका सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) कार्यसमिति तथा अध्यक्षले तोकोको जिम्मेवारी पुरा गर्ने ।

ख) विषयगत समिति, विभाग तथा कार्यको समन्वय गर्ने ।

ग) संघको बृहत्तर हितको लागि सदैव कृयाशील रहने ।

**९. प्रदेश कार्यसमितिको काम, कर्तव्य र अधिकार :**

प्रदेश कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) नेपाल अटोमोवाइल्स संघको नीति निर्देशन तथा मुल्य र मान्यता वमोजिम संघको उद्देश्य प्राप्तिका लागि प्रदेश सरकार तथा निकायहरुसंग समन्वय राखि खेलको विकसकालागि काम गर्ने ।

(२) संघको केन्द्रीय कार्यसमितिको विधान र नियमावलिमा तथा निर्देशिकालेतोकिएको कार्यहरु गर्ने गराउने ।

(३) संघको वार्षिक वजेट तथा कार्यक्रम बनाई साधारण सभावाट स्वीकृति गराई लागु गर्ने गराउने ।

(४) वार्षिक कार्यक्रम अनुसार विभिन्न स्तरका प्रतियोगिताहरु आयोजना तथा संचालन गर्ने ।

(५) संघको आर्थिक श्रोतहरु जुटाउने तथा आर्थिक श्रोतहरु एकिन गरी त्यस्ता कार्यक्रमहरु संचालन गर्ने गराउने ।

(६) संघ मातहतका संघहरु विचको समन्वय गर्ने र ति संघहरुलाई कार्यक्रम संचालन गर्न तथा स्ववाश खेलको विकासमा सहयोग जुटाउने आवश्यकता अनुसार निर्देशन दिने ।

(७) वार्षिक लेखा परीक्षण गराउने र केन्द्रिय संघमा पेश गर्ने ।

(८) प्रदेश अन्तर्गतका अटोमोवाइल्स खेलका खेलाडी तथा प्रशिक्षकहरुको रेकर्ड राख्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरुको हित र कल्याणका लागि सक्दो सहयोग पुऱ्याउने कार्यक्रमहरु लागु गर्दै जाने ।

(९) संघसंग सम्वन्धित सभा सम्मेलनमा भाग लिने वा भाग लिने प्रतिनिधि पठाउने । आफूले पनि सभा सेमिनार गोष्ठी गर्ने गराउने ।

Scanned with CamScanner

(१०) विभिन्न उपसमितिहरु गठन गर्ने र ती उपसमितिहरुको काम, कर्तव्य र अधिकार तथा पदावधि तोक्ने तर उपसमितिहरूको गठन र काम, कर्त्तव्य र अधिकारको हकमा केन्द्रीय कार्य समितिको पूर्व स्वीकृति लिनुपर्नेछ ।
(११) केन्द्रीय संघको आर्थिक नियमावलिले तोके बमोजिम आर्थिक कारोबार गर्ने । संघले कुनै अतिरिक्त वा सेवा शुल्क लिन परेमा केन्द्रीय संघको पुर्व स्वीकृति अनिवार्य हुनेछ ।
(१२) प्रदेश अन्तरगतका तथा स्थानिय समिति एंव निकायहरुलाई अनुगमन गर्ने, निर्देशन दिने र आवश्यक ठानेमा केन्द्रीय संघमा कारवाहीकालागि सिफारिस गर्ने ।
(१३) अटोमोवाइल्स खेलका (तालिम केन्द्र) हरुलाई प्रदेश समितिको सिफारिसमा आवद्धता प्रदान गर्ने ।
(१२) संघ र खेलको नियम उल्लंघन गर्ने खेलाडी, निर्णायक, प्रशिक्षक तथा सम्वन्धित पदाधिकारी उपर अनुशासनात्मक कारवाहीकालागि केन्द्रीय संघमा सिफारिस गर्ने ।
(१३) अटोमोवाइल्स खेलका विभिन्न राष्ट्रिय स्तरका प्रशिक्षण तथा कार्यक्रमहरूमा प्रदेशको तर्फवाट सहभागिता गराउने ।
(१४) तोकिएको मापदण्ड बमोजिम मान्यता प्राप्त प्रशिक्षकहरुलाई प्रशिक्षण अनुमति पत्र प्रदान गर्ने ।
(१५) प्रदेश स्तरमा गरिने प्रशिक्षण, गोष्ठि, कोर्स तथा सेमिनारहरुको मापदण्ड निर्धारण गर्ने र शुल्क तोक्ने ।
(१५) प्रदेश एसोसीएसनका अध्ययक्षको वरीयताक्रम केन्द्रिय कार्यसमितीको उपाध्यक्षको सरह हुनेछ ।
(१६) सामाजिक कार्यहरुमा सहभागी हुने र आवश्यकता अनुसार सहभागि हुनेर भाईचारा तथा भातृत्व विकास गर्ने ।
(१७) प्रदेश खेलाडी टोली निर्माण गर्ने र विशेष प्रशिक्षणको व्यवस्था गर्ने ।
(१८) प्रशिक्षणका लागि भौतिक पूर्वाधारहरूको निर्माण गर्ने र आवश्यकता अनुसार प्रशिक्षक तथा प्रशासनिक कर्मचारीहरूको नियुक्ति गर्ने ।

## परिच्छेद - ७
## (सदस्यता)

**१६. संघको सदस्यता :**

१. संघको विधान प्रति आस्था र सम्मान गर्ने व्यक्तिहरुलाई संघको विधान तथा सदस्यता सम्वन्धि नियमावली रहेको अवस्थामा सदस्यता नियमावली समेतको अधिनमा रही अटोमोवाइल समवन्धि खेलमा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुऱ्याएको वा अटोमोवाइल समवन्धि खेलमा खेलमा रुची राख्ने व्यक्तिलाई संघको सदस्यता प्रदान गर्न सक्नेछ । सबै किसिमको सदष्यता शुल्कको निर्णय कार्यसमितिले गर्नेछ ।

क) आजिवन सदस्य
ख) मानार्थ सदस्य
ग) एशोसियट सदस्य
घ) कर्पोरेट सदस्य
ङ) साधारण सदस्य

**२. संघको आजिवन सदस्यता देहायको आधारमा प्रदान गरिनेछ :**

क) संघले तोकेको आजिवन सदस्यको शुल्क बुझाउने व्यक्ति ।
ख) अटोमोवाइल समवन्धि खेलकुदसंग महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्तिलाई संघको केन्द्रिय कार्य समितिले आजिवन प्रदान गर्न सक्नेछ ।
ग) आजिवन सदस्यता शुल्क केन्द्रिय संघले कायम गरे वमोजिम हुनेछ । तर उपदफा २ (ख) बमोजिम आजिवन सदस्यता प्रदान गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।
घ) कार्य समितिले आजिवन शुल्क थप वा घट गर्न सक्नेछ ।
ङ) आजिवन सदस्यता शुल्क बुझाउने व्यक्तिलाई जिल्ला संघले सदस्यता प्रदान गर्न सक्नेछ ।

Scanned with CamScanner

संघको मानार्थ सदस्यता देहायको आधारमा केन्द्रिय कार्य समितिले प्रदान गर्न सक्नेछ :

क) अटोमोवाइल समवन्धि खेलमा धेरै लामो समयदेखि सेवा पु¥याउ“दै आएका व्यक्ति वा संस्था ।

ख) अटोमोवाइल समवन्धि खेलका लागि कुनै विशिष्ट योगदान पु¥याएका व्यक्ति ।

ग) मानार्थ सदस्य स्वेदशी वा विदेशी व्यक्ति वा संस्था जोसुकैलाई पनि प्रदान गर्न सकिनेछ ।

घ) मानार्थ सदस्यता प्रदान गर्दा कुनै शुल्क लिईने छैन ।

ङ) स्वदेशी नागरिक बाहेकका मानार्थ सदस्यलाई मतदान गर्ने अधिकार हुनेछैन ।

**४. संघको एशोसियट सदस्यता देहायका व्यक्ति वा संस्थालाई केन्द्रिय कार्य समितिले प्रदान गर्न सक्नेछ ।**

क) संघको उद्देश्यसँग सम्बन्धित स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुलाई ।

ख) संघको एशोसियट सदस्यलाई साधारणसभामा सहभागी हुने अधिकार प्राप्त हुनेछ ।

ग) एसोसीएट सदश्यको अभिलेख केन्द्रिय कार्यलयमा राखीनेछ भने मतदानको अधीकार विधानत केन्द्रिय तथा सम्वन्धित प्रदेशको साधारण सभामा समेतमा हुनेछ ।

घ) एसोसीएट सदश्यको शुल्क तोकीए बमोजीम हुनेछ ।

**५. संघको कर्पोरेट सदस्यता देहायका व्यक्ति वा संस्थालाई केन्द्रिय कार्य समितिले प्रदान गर्न सक्नेछ ।**

क) संघको उद्देश्यसँग सम्बन्धित कर्पोरेट, साझेदार तथा प्रमोटर कम्पनीहरुलाई यो सदश्यता दिन सकीनेछ ।

ख) संघको कर्पोरेट सदस्यले साधारणसभामा सहभागी हुन सक्नेछन तर मतअधिकार हुनेछैन ।

**६. संघको साधारण तथा आजीवन सदस्यता देहायको आधारमा प्रदान गर्न सकिनेछ :-**

क) मोटरस्पोर्ट्स समवन्धि खेलकुदप्रतिको रुचि राख्ने व्यक्ति

ख) अटोमोवाइल समवन्धि संघको विधान प्रति आस्था र सम्मान गर्ने व्यक्ति ।

ग) साधारण सदस्यता नेपाली नागरिकलाई मात्र प्रदान गरिनेछ ।

घ) यस विधान तथा सदस्यता सम्वन्धि नियमावली बनेको अवस्थामा सो नियमावली र केन्द्रिय कार्य समितिले दिएको निर्देशन समेतका आधारमा जिल्ला कार्य समितिले संघको साधारण साधारण सदस्यता प्रदान गर्न सक्नेछ । तर संस्थागत, कर्पोरेट र मानार्थ सदस्यता केन्द्रिय कार्य समितिले मात्र प्रदान गर्न सक्नेछ ।

ङ) साधारण सदस्यतालाई जिल्ला संघको सभामा भाग लिने र मतदान गर्ने अधिकार हुनेछ ।

च) साधारण सदस्यता शुल्क बुझाउ“दा एकमुष्ट रुपमा ४ वर्ष सम्मको बुझाउन सक्निेछ ।

छ) साधारण सदस्यता संघले तोकेको समयभित्र नविकरण नगरिएमा सदस्यता समाप्त हुनेछ ।

ज) सदस्यता प्रदान गर्ने संघको केन्द्रिय कार्यसमितिको अधिकार प्रदेश समिति प्रत्यायोजना गर्न सक्नेछ ।

झ) साधारण सदस्यता शुल्क संघले थप घट गर्ने गरि निर्णय गर्न सक्नेछ ।

ञ) जुन प्रदेशबाट सदस्यता प्राप्तिको लागि आवेदन गरेको हो, सोही प्रदेश संघको सदस्यता कायम रहने गरि सदस्यता प्रदान गरिनेछ । तर एक स्थानवाट सदस्यता प्राप्त गरिसकेपछि प्रदेश समितिको सिफारिस भएमा अर्को जिल्ला वा प्रदेश अर्न्तगतको कुनै जिल्लाको सदस्यता कायम गर्ने गरि सदस्यता स्थानान्तर गर्ने गरि संघले स्वीकृति दिन सक्नेछ । आजिवन, मानार्थ, कर्पोरेट तथा संस्थागत सदस्यहरुको पनि कुन जिल्लावाट प्रतिनिधित्व गर्ने हो, त्यस्तो सदस्यता प्रदान गर्दा सो सदस्यता रहेको जिल्ला खुलाईनेछ ।

**१७. सदस्य हुन योग्यता :**

१. देहायका व्यक्ति मात्र सदस्य हुन योग्य हुनेछन् :-

क) १८ वर्ष उमेर पुगेको नेपाली नागरिक तर खेलाडीको हकमा वर्षको वन्देज लाग्नेछैन ।'

Scanned with CamScanner

वा संघ अन्तंगतका कर्मचारी नभएका व्यक्ति ।

ज नविग्रिएका व्यक्तिहरु ।

नैतिक पतन हुने फौजदारी मुद्धामा अदालतबाट दोषी प्रमाणित नभएको व्यक्तिहरु ।

**१८. सदस्यताको समाप्ति :-**

१. सदस्यता देहायको अवस्थामा समाप्त हुनेछ :-

क) सदस्यता नविकरण नगरेमा ।

ख) संघको उद्देश्य विपरित कार्य गरेको भनि सम्वन्धित प्रदेश संघ या क्लबको सिफारिसमा केन्द्रिय कार्यमितिले निर्णय गरेमा । तर जिल्ला संघले साधारण सदस्यता समाप्त गर्ने गरि केन्द्रिय संघमा सिफारिस गर्नु भन्दा पहिले सफाईको मौका सम्वन्धित साधारण सदस्यलाई दिनु पर्नेछ ।

ग) नैतिक पतन देखिने फौजदारी अपराधमा दोषी प्रमाणित भएमा ।

घ) बहुलाएमा वा मानसिक असुन्तलन भएको ठहर भएमा ।

ङ) गैर नेपाली ठहर भएमा ।

च) राजिनामा दिएमा ।

छ) कानून बमोजिम निजको सदस्यता समाप्त भएमा ।

ज) साधारण सदस्यको राजिनामा सम्वन्धित प्रदेश कार्यसमितिले स्वीकृति गर्नेछ । तर यसको जानकारी केन्द्रिय संघलाई दिनुपर्नेछ । साधारण सदस्य बाहेक अन्य सदस्यको राजिनामा केन्द्रिय कार्यसमितिले मात्र स्वीकृत गर्न सक्नेछ ।

**१९. कार्यसमितिको सदस्यता समाप्ति हुने अवस्था :**

१. नेपाल अटोमोवाइल्स संघको केन्द्रिय कार्यसमिति वा प्रदेश संघ वा जिल्ला संघको कार्यमितिका सदस्यहरुको देहायको अवस्थामा सदस्यता समाप्ति हुनेछ :-

क) सदस्यता नविकरण नगरेमा ।

ख) संघको उद्देश्य विपरित कार्य गरेको ठहर गरी संघले निर्णय गरेमा ।

*( तर त्यस्तो सदस्यलाई संघले सफाईको मौका दिनुपर्नेछ )*

ग) नैतिक पतनदेखि नै फौजदारी अपराधमा दोषी ठहरिएमा ।

घ) मानसिक सन्तुलन नभएको वा बहुलाएमा ।

ङ) सम्वन्धित सदस्य उपर अविश्वास प्रस्ताव पारित भएमा ।

च) साहुको दामासाहीमा परेमा ।

छ) गैर नेपाली ठहरिएमा ।

ज) मृत्यु भएमा ।

झ) राजिनामा दिएमा ।

ञ) लगातार ३ पटक सम्म विना सूचना वैठकमा अनुपस्थित रहेमा ।

ट) संघको सदस्यता नरहेमा ।

२.कार्यसमितिका वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष र सदस्यहरुले अध्यक्ष समक्ष राजिनामा दिन सक्नेछ । अध्यक्षले वरिष्ठ उपाध्यक्ष वा उपाध्यक्ष मार्फत कार्यसमिति समक्ष राजिनामा पेश गर्न सक्नेछ ।

**२०. रिक्त सदस्यको पदपूर्ति :**

१.नेपाल अटोमोवाइल्ससंघ वा प्रदेश अटोमोवाइल्स संघ वा जिल्ला संघको कार्यसमितिको कुनै सदस्यको पद यस विधान बमोजिम खाली भएमा साधारण सभा नहुन्जेल सम्मका लागि देहाय बमोजिम पदपूर्ति गरिनेछ :-

Scanned with CamScanner

सम्वन्धित कार्यसमितिको निर्णयबाट त्यस्तो सदस्यले गर्दै आएको कार्य अर्को कुनै सदस्यले गर्ने गरि तोक्न सक्नेछ ।
अध्यक्षको पद खाली भएमा वरिष्ठ उपाध्यक्षले अध्यक्षको काम गर्नेछ । अध्यक्ष र वरिष्ठ उपाध्यक्ष दुवैको पद खाली भएमा उपाध्यक्ष मध्ये बरिष्ठले अध्यक्षको काम गर्नेछ ।

ख) निर्वाचित सदस्यहरुको पदमा साधारण सभा हुन २ महिना भन्दा कम समय बा"की रहेको अवस्थामा त्यस्तो कार्य गर्ने गरि कार्य समितिले नतोक्न पनि सक्नेछ ।

ग) रिक्त रहेको सदस्यको स्थान साधारण सभाद्धारा पदपूर्ति गरिनेछ । तर मनोनित सदस्यहरुको पद खाली रहेको अवस्थामा जुन प्रकृयाबाट मनोनित भएको हो, सोही प्रकृयाबाट पदपूति गरिनेछ ।

## परिच्छेद - ८
## (अविश्वासको प्रस्ताव)

### २१. अविश्वासको प्रस्ताव :

१) नेपाल अटोमोवाइल्स संघको कार्यसमिति वा प्रदेश अटोमोवाइल्स संघको कार्यसमिति वा जिल्ला संघको कार्यसमिति उपर वा कुनै सदस्यका उपर सम्वन्धित साधारण सभाको एक चौथाई सदस्यले अविश्वासको प्रस्ताव दर्ता गराउन संक्नेछन् ।

२) उपदफा १ बमोजिम दर्ता हुन आएको अविश्वासको प्रस्ताव उपर छलफल र निर्णयका लागि सम्वन्धित कार्यसमितिले ९२ दिन भित्र विशेष साधारण सभा वस्ने गरि सूचना दिनु पर्नेछ ।

३) अविश्वासको प्रस्ताव उपर छलफल गर्न वसेको साधारण सभाले अविश्वास प्रस्तावको पक्ष विपक्षको राय र सम्वन्धित पदाधिकारी वा सदस्यको प्रतिवाद कथनलाई विचार गरी साधारण सभामा उपस्थित सदस्य संख्याको दुई तिहाई सदस्यले प्रस्तावको पक्षमा मत दिएमा अविश्वासको प्रस्ताव पारित भएको मानिनेछ । परिणमस्वरुप सम्वन्धित कार्यसमिति वा सदस्य आफ्नो पदवाट मुक्त भएको मानिनेछ ।

४) अविश्वास उपर छलफल गर्न बोलाएको विशेष साधारण सभाको अध्यक्षता कार्य समितिको अध्यक्षले गर्नेछ । तर कार्य समितिको विरुद्ध अविश्वास दर्ता भएकोमा सधारण सभाको सवभन्दा जेष्ठ सदस्यले वैठकको अध्यक्षता गर्नेछ र अध्यक्ष उपर अविश्वास प्रस्ताव दर्ता भएकोमा वरिष्ठ उपाध्यक्षले विशेष साधारण सभाको वैठकको अध्यक्षता गर्नेछ।

५) कार्य समिति उपर अविश्वासको प्रस्ताव पारित भएमा उक्त विशेष साधारणसभाबाट तीन महिनाभित्र निर्वाचन गराउने गरि सभाका सदस्यहरुमध्येबाट एउटा तदर्थ समिति गठन गर्नेछ । उक्त तदर्थ समितिले दैनिक प्रंशासनिक कार्यहरु गरि निर्वाचन गराउन पाउनेछ ।

६) बार्षिक साधारण सभा वस्ने अवस्था रहेमा अविश्वासको प्रस्ताव त्यस्तो बार्षिक साधारण सभामा पनि पेशगर्न सकिनेछ ।

७) अविश्वास प्रस्ताव निर्वाचन भएको एक वर्ष नवित्दै र एउटा अविश्वासको प्रस्ताव अस्विकृत भएको मिति देखि १ वर्ष नवित्दै अर्को अविश्वास प्रस्ताव पेश गर्न पाउने छैन ।

## परिच्छेद - ९
## (कोष)

### २२. कोषको संचालन :

१. कोषको संचालन नेपाल अटोमावाईल्स संघको अध्यक्ष, महासचिव, कोषाध्यक्ष र सह-कोषाध्यक्ष ४ जनाको संयुक्त हस्ताक्षरबाट संचालन हुनेछ । कोषाध्यक्ष र सह-कोषाध्यक्ष मध्ये एकको हस्ताक्षर अनिवार्य हुनेछ । संघको आफ्नो छुट्टै कोष रहन्छ । जसमा देहायका रकमहरु रहनेछन् :-

क) नेपाल सरकार वा परिषदबाट र आवद्ध संघ महासंघबाट प्राप्त सहयोग वा अन्य रकम ।

ख) नेपाल सरकारको सम्वन्धित निकायबाट पूर्व स्वीकृतिलिई अन्तर्राष्ट्रिय दातृ संस्था वा व्यक्तिबाट प्राप्त चन्दा, अनुदान।

ग) संघलाई प्राप्त सदस्यता प्रवेश शुल्क, नविकरण शुल्क वा आजिवन सदस्यता शुल्क ।

१) संघले आर्जन वा प्राप्त गरेको चल वा अचल सम्पत्ति तथा लगानी गरेको पूँजी र आर्जन गरेको अन्य रकम ।

ङ) विशेष कार्यक्रम, परियोजना तथा प्रयोजनको लागि कार्यसमितिले निर्णय गरी आवश्यकता अनुसार तीन जनाको नाममा संयुक्त खाता खोली तीन मध्ये दुई जनाको अनिवार्य हस्ताक्षर रहने गरी संचालन गर्न सक्नेछ ।

२) प्रदेश स्तर र जिल्ला स्तरको कोषको संचालन अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये दुईजनाको संयुक्त हस्ताक्षरबाट संचालन हुनेछ । कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुनेछ ।

३) संघको आय-व्ययको लेखापरिक्षण नेपाल सरकारको स्वीकृति प्राप्त लेखा परिक्षकबाट गरिनेछ । तर प्रथम लेखा परिक्षकको नियुक्ति कार्यसमितिबाट हुनेछ । लेखा परिक्षण प्रतिवेदन परिषद र सम्वन्धित निकायमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद - १०
## (विविध)

### २३. विधान संशोधन :

१) यस विधानमा कुनै संशोधन गर्न परेमा कार्यसमितिले साधारण सभा हुनुभन्दा कम्तिमा २१ दिन अगाडि लिखित सूचना दिई प्रस्तावित गर्न सक्नेछ । सो सूचनाको जानकारी परिषदलाई गराउनु पर्नेछ ।

२) प्रस्तावित संशोधन साधारण सभामा उपस्थित सदस्यहरुको दुई तिहाई मतद्धारा पारित हुनुपर्नेछ

३) संशोधन विधान लागू गर्न राष्ट्रिय खेलकुद परिषद र सम्वन्धित निकायको पूर्व स्वीकृति लिईनेछ ।

### २४. निर्वाचन :

१) संघको विधान अनुसार हुने निर्वाचनका लागि कार्यसमितिको अनुरोधमा राष्ट्रिय खेलकुद परिषदबाट निर्वाचन समिति गठन गरिनेछ । त्यस्तो निर्वाचनमा राष्ट्रिय खेलकुद परिषद, नेपाल ओलम्पिक कमिटी तथा अन्तर्राष्ट्रिय महासंघका प्रतिनिधिहरु पर्यवेक्षकको रुपमा उपस्थित हुनेछन् ।

२) निर्देशिकाको प्रकरण ४.१.१ बमोजिम राष्ट्रिय खेलकुद परिषदबाट संघको साधारण सभा तथा निर्वाचनको स्वीकृति प्राप्त भए पश्चात विशेष कारणवश संघको निर्वाचन तथा साधारण सभा स्थगन हुन गएमा परिषदबाट गठित निर्वाचन समितिले निर्वाचन स्थलमा नै निर्वाचन मिति तोक्नेछ ।

३) राष्ट्रिय खेलकुद परिषदबाट निर्वाचन निर्देशिका नवनेसम्म निर्वाचन समितिले निश्चित गरेको कार्यविधि अनुसार निर्वाचन सम्पन्न हुनेछ ।

४) निर्वाचन विधिवत, स्वतन्त्र र निष्पक्ष सम्पन्न गर्ने उत्तरदायित्व निर्वाचन समितिको हुनेछ ।

५) निर्वाचन समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

National Sports Council-Nepal

### २५. नियम वा विनियम बनाउने अधिकार :

१) यस विधानको उद्देश्यहरु पूर्ति गर्न स्वीकृत विधानको व्यवस्था भित्र रहेर कार्यसमितिले आवश्यक नियम तथा विनियम बनाउन सक्नेछ ।

२) कार्यसमितिले नियम वा विनियम प्रस्तावित गरी साधारण सभाको स्वीकृति लिई लागु गर्नेछ ।

३) संघको सदस्यता व्यवस्थित गर्न आवश्यकता परेमा कार्यसमितिले सदस्यता वितरण नियमावली वनाई साधारण सभाको स्वीकृति लिई लागु गर्न सक्नेछ ।

### २६. आर्थिक वर्ष :

संघको आर्थिक वर्ष नेपाल सरकारको आर्थिक वर्ष अनुरुप हुनेछ । संघको प्रत्येक आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन श्रावण मसान्त भित्र परिषदमा पेश गरिनेछ । कुनै कारणवश श्रावण महिना भित्र पेश गर्न नसकेमा संघको लेखा परिक्षण प्रतिवेदन पौष मसान्त भित्रमा परिषदमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

Scanned with CamScanner

**बाधा अड्काउ फुकाउने :**
यस विधानको कार्यान्वयनका लागि कुनै बाधा अड्काउ परेमा केन्द्रिय कार्यसमितिले निर्णय गरि परिषदको स्वीकृतिमा त्यस्तो बाधा अड्काउ फुकुवा गर्न सकिनेछ। त्यसको जानकारी साधारण सभालाई दिनु पर्नेछ।

२८. परिषदमा दर्ता रहेका केन्द्रिय संघमा कुनै वादबिवाद भएमा वा परिषदमा दर्ता रहेका संघहरुले विधानको पालना नगरेको भन्ने कुनै विषयमा उत्पन्न विवाद राष्ट्रिय खेलकुद परिषदले हेरी निर्णय गर्नेछ। यस्ता विवाद समाधान गर्न आवश्यक भएमा परिषदले नेपाल ओलम्पिक कमिटि संग समन्वय गर्न सक्नेछ।

**२९. अन्तर्राष्ट्रिय सदस्यता :**
नेपाल अटोमोवाइल्स संघले मोटरस्पोर्टस संग समवन्धित खेलको विकास र विस्तार तथा सहयोगका लागि साथै सेफर मोवीलिटी तथा टुरीजम संग सम्वन्धित कार्यको लागी एफआइए, एफआइम, युआइएम र ग्लोबल एलायन्स लगायत जुनसुकै अन्तर्राष्ट्रिय महासंघ (अन्तर्राष्ट्रिय, एशियाली तथा दक्षिण एशियाली आदिको सदस्यता ग्रहण गर्न सक्नेछ।

**३० संघको विघटन :**
संघको विघटन भएमा यस संघको सम्पूर्ण जायजेथा नेपाल सरकार राष्ट्रिय खेलकुद परिषदमा सर्नेछ।

**३१. खारेजी र बचाउः**
१) यो विधान लागु हुँदाको अवस्थामा कायम रहेको अटोमोवाइल्स खेल सम्वन्धि संघको प्रदेश तथा जिल्ला ईकाई यस विधान अर्न्तगत गठन भएको भनि मान्यता नदिईएमा त्यस्ता संघका निकायहरु कायम रहेको मानिनेछैन।
२) नेपाल अटोमोवाइल्ससंघ अर्न्तगतका संस्था वा क्लवहरुको मान्यता यथावत कायम रहेका मानिनेछ।
३) नेपाल अटोमोवाइल्स संघको तदर्थ समितिको स्वीकृतिमा गठन भएका जिल्ला वा प्रदेश, संघहरु यसै विधान बमोजिम गठन भएको मानिनेछन्। संघ तदर्थ समितिले गरेका कार्यहरु यसै विधान बमोजिम भएगरेको मानिनेछ।
४) केन्द्रिय कार्यसमितिले मान्यता प्रदान गरेको वा कार्यसमितिद्धारा गठित जिल्ला तथा प्रदेश तदर्थ समितिहरु यसै विधान बमोजिम गठन भएको मानिनेछ।
५) यस अघि कायम रहेको संघको विधान, आदेश र निर्देशिका यो विधान लागु भएपछि स्वतः खारेज भएको मानिनेछ।
६) यस विधानमा लेखिएका कुराहरु प्रचलित नेपाल कानून संग बाझिएमा वाझिएको हदसम्म अमान्य हुनेछ।

**३२. थीम तथा भ्याल्यु (Theme and Values)**
एसोसिएसनको थीम कनेक्टीङ्ग पीपलः इम्पावरीङ्ग पीपुल (Connecting people Empowering People) रहनेछ भने स्पोर्टस भ्याल्यु, नेशन भ्याल्यु र सोसीयल भ्याल्युलाई आत्मासात गरीनेछ।

**३३. लोगो तथा छाप**
एसोसिएसनको लोगो तथा छाप देहाय अनुसारको हुनेछ।

Nepal Automobiles' Association (NASA)
नेपाल अटोमोबाईल्स एसोसिएसन

Scanned with CamScanner